धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड** : ३ **संख्या : १२** **प्रमाणिकरण** : २०७६/०८/०५
**प्रकाशन मिति** :२०७६/०८/०६

## भाग - २

## धवलागिरी गाउँपालिका

### धवलागिरी गाउँपालिकाको **शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि**, २०७६

धवलागिरी गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी शैक्षिक जनशक्ति व्यवस्थापनका लागि धवलागिरी गाउँ कार्यपालिकाले मिति २०७६/०८/०५ गते यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम धवलागिरी गाउँपालिकाको **शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि**, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** :

(१) "**संयोजक**" भन्नाले शिक्षक तथा कर्मचारी छनोट समितिको प्रमुखलाई सम्झनुपर्नेछ ।

(२) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्नेछ ।

(२) उपनियम १ बमोजिमको व्यवस्था पश्चात विद्यार्थी संख्या र भूगोलका आधारमा बालविकास केन्द्रको पुनर्वितरण गरिनेछ ।

(३) बालविकास केन्द्रको समायोजन गर्दा शिक्षक विद्यार्थी अनुपात सामान्यतया १:२० को आधार लिइनेछ । तर सो अनुपात भन्दा बढी भएको अवस्थामा २५-४४ जना विद्यार्थी भएमा २ जना, ४५-६४ जना भएमा ३ जना, ६५-८४ जना भएमा ४ जना र ८५देखि माथि जतिसुकै भएमा ५ जना बालविकास शिक्षकको दरबन्दी रहनेछ ।

(४) बालविकास शिक्षकहरुले यो कार्यविधि प्रारम्भ भएको मितिले २ वर्षभित्र आफ्नो योग्यता अभिवृद्दि गरी कम्तिमा १० कक्षा उत्तीर्ण हुनुपर्नेछ ।

(५) बालविकास केन्द्रमा कार्यरत जनशक्तिलाई विद्यार्थी संख्याका आधारमा एक केन्द्रबाट अर्कोमा स्थानान्तरण गर्दा आवश्यकता र नियुक्तिको कनिष्ठताका आधारमा गरिनेछ ।

**५. शिक्षक दरबन्दी मिलान एवं समायोजन :**

(१) प्रचलित ऐन, नियम, आवश्यकता र औचित्यका आधारमा विद्यालयहरुका लागि राज्यबाट आजका मितिसम्म प्राप्त शिक्षक सुविधाहरुको पुनर्वितरण गरिनेछ,

(२) स्थायी, अस्थायी, राहत र नगरपालिकाबाट अनुदान प्राप्त शिक्षकहरु विद्यालयको आवश्यकता अनुरुप एक आपसमा मिलान गर्न सकिनेछ ,

(३) दरबन्दी मिलान गर्दा सामुदायिक विद्यालयमा कम्तिमा कक्षा(१-३)सम्म २ जना, कक्षा ( १-५) सम्म ३ जना, कक्षा (६-८) का लागि कम्तिमा ३ जना, कक्षा (९-१०) लागि कम्तिमा ५ जना र कक्षा (११-१२)का लागि कम्तिमा २ जना शैक्षिक जनशक्तिको सुनिश्चितता गरिनेछ । तर यसरी गरिने व्यवस्थामा माध्यमिक तह कक्षा(९-१२) का लागि कम्तिमा ६ जना शिक्षकको व्यवस्था भन्ने बुझ्नु पर्नेछ ।

(४) यस बुँदाको उपबुँदा(३) लाई पहिलो आधार र दोस्रो आधार विद्यार्थी संख्यालाई लिइनेछ ।

(५) बालविकास बाहेकका कक्षामा शिक्षक विद्यार्थी अनुपात १:४० लाई आधार मानी शिक्षक समायोजन तथा दरबन्दी मिलान गरिनेछ ।

(६) विद्यालय गाभिने (Merge) संभावना रहेको साथै कक्षा (१-३) र कक्षा (१-५) क्रमश: न्यूनतम् २० जना र ५० जना भन्दा कम विद्यार्थी भएका प्राथमिक विद्यालयहरुमा यस कार्यविधिको बुँदा (५) को उपबुँदा(३) आकर्षित हुने छैन ।

(७) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न नगर शिक्षा समितिको अनुमति लिई शिक्षा शाखाबाट शिक्षकहरुको काज सरुवा गर्न सकिनेछ ।

**६. शिक्षक नियुक्ति :**

(१) यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त हुन जाने करार शिक्षक,कर्मचारी अस्थायी, राहत, अनुदान प्राप्त शिक्षक तथा कर्मचारी) हरुको छनौट तथा सिफारिस प्रक्रिया अनुसूची-१ बमोजिम हुनेछ । छनोट समितिका सदस्यहरुले आवश्यकता अनुसार प्रशासनिक र प्राविधिक दुवै प्रकृतिका कार्य गर्न सक्नेछन् ।

(२) उपनियम १ बमोजिमको व्यवस्था पश्चात विद्यार्थी संख्या र भूगोलका आधारमा बालविकास केन्द्रको पुनर्वितरण गरिनेछ ।

(३) बालविकास केन्द्रको समायोजन गर्दा शिक्षक विद्यार्थी अनुपात सामान्यतया १:२० को आधार लिइनेछ । तर सो अनुपात भन्दा बढी भएको अवस्थामा २५-४४ जना विद्यार्थी भएमा २ जना, ४५-६४ जना भएमा ३ जना, ६५-८४ जना भएमा ४ जना र ८५देखि माथि जतिसुकै भएमा ५ जना बालविकास शिक्षकको दरबन्दी रहनेछ ।

(४) बालविकास शिक्षकहरुले यो कार्यविधि प्रारम्भ भएको मितिले २ वर्षभित्र आफ्नो योग्यता अभिवृद्वि गरी कम्तिमा १० कक्षा उत्तीर्ण हुनुपर्नेछ ।

(५) बालविकास केन्द्रमा कार्यरत जनशक्तिलाई विद्यार्थी संख्याका आधारमा एक केन्द्रबाट अर्कोमा स्थानान्तरण गर्दा आवश्यकता र नियुक्तिको कनिष्ठताका आधारमा गरिनेछ ।

## ५. शिक्षक दरबन्दी मिलान एवं समायोजन :

(१) प्रचलित ऐन, नियम, आवश्यकता र औचित्यका आधारमा विद्यालयहरुका लागि राज्यबाट आजका मितिसम्म प्राप्त शिक्षक सुविधाहरुको पुनर्वितरण गरिनेछ,

(२) स्थायी, अस्थायी, राहत र गाउँपालिकाबाट अनुदान प्राप्त शिक्षकहरु विद्यालयको आवश्यकता अनुरुप एक आपसमा मिलान गर्न सकिनेछ ,

(३) दरबन्दी मिलान गर्दा सामुदायिक विद्यालयमा कम्तिमा कक्षा(१-३)सम्म २ जना, कक्षा (१-५) सम्म ३ जना, कक्षा (६-८) का लागि कम्तिमा ३ जना, कक्षा (९-१०) लागि कम्तिमा ५ जना र कक्षा (११-१२)का लागि कम्तिमा २ जना शैक्षिक जनशक्तिको सुनिश्चितता गरिनेछ । तर यसरी गरिने व्यवस्थामा माध्यमिक तह कक्षा(९-१२) का लागि कम्तिमा ६ जना शिक्षकको व्यवस्था भन्ने बुझ्नु पर्नेछ ।

(४) यस बुँदाको उपबुँदा(३) लाई पहिलो आधार र दोस्रो आधार विद्यार्थी संख्यालाई लिइनेछ ।

(५) बालविकास बाहेकका कक्षामा शिक्षक विद्यार्थी अनुपात १:४० लाई आधार मानी शिक्षक समायोजन तथा दरबन्दी मिलान गरिनेछ ।

(६) विद्यालय गाभिने (Merge) संभावना रहेको साथै कक्षा (१-३) र कक्षा (१-५) क्रमश: न्यूनतम् २० जना र ५० जना भन्दा कम विद्यार्थी भएका प्राथमिक विद्यालयहरुमा यस कार्यविधिको बुँदा (५) को उपबुँदा(३) आकर्षित हुने छैन ।

(७) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न नगर शिक्षा समितिको अनुमति लिई शिक्षा शाखाबाट शिक्षकहरुको काज सरुवा गर्न सकिनेछ ।

## ६. शिक्षक नियुक्ति :

(१) यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त हुन जाने करार शिक्षक,कर्मचारी अस्थायी, राहत, अनुदान प्राप्त शिक्षक तथा कर्मचारी) हरुको छनौट तथा सिफारिस प्रक्रिया अनुसूची-१ बमोजिम हुनेछ । छनोट समितिका सदस्यहरुले आवश्यकता अनुसार प्रशासनिक र प्राविधिक दुवै प्रकृतिका कार्य गर्न सक्नेछन् ।

(२) विभिन्न विद्यालयमा रिक्त रहेका शिक्षक पदहरुमा करार नियुक्तिको कार्य छनोट समितिले गर्नेछ ।

(३) रिक्त रहेका पदहरुमा चैत्र र असोज महिनामा वर्षको दुई पटक विज्ञापन गरिनेछ । तर प्रतिक्षा सूचीमा नभएको अवस्था र शिक्षक नियुक्ति गर्नुपरेमा जुनसुकै बखत पनि विज्ञापन गर्न बाधा पुगेको मानिनेछैन ।

(४) यो कार्यविधि पारित भैसकेपछिको पहिलो विज्ञापनका लागि यसै बुँदाको उपबुँदा (३) ले बाधा पारेको मानिने छैन ।

(५) उपबुँदा (१) बमोजिम गठित छनोट समितिले आवश्यक प्रक्रिया पुऱ्याई शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम भित्र रही शिक्षक छनौट गर्नेछ । शाखाले सुचिकृत गरेका विषयगत विज्ञहरुमध्येबाट प्रत्येक विषयमा कम्तिमा एक जना पर्ने गरी छनौट समितिले छनोट गर्नु पर्नेछ ।

(६) अनुदान प्राप्त शिक्षकको हकमा विद्यालयहरुबाट विषयगत र तहगत शिक्षकको माग भै आए पश्चात विषयगत संख्या एकिन गरी विज्ञापन गरिनेछ ।

(७) विज्ञान गणित विषयमा अध्यापन अनुमति पत्रका उम्मेदवारहरुको आवेदन प्राप्त नभएमा सिंगल दस्तुरको मात्र सात दिने सूचना प्रकाशित गरी अनुमति पत्र नभएकाहरुलाई पनि आवेदनको अवसर प्रदान गरिनेछ ।

(८) विद्यालयलाई प्राप्त अनुदान शिक्षकको संख्या अनुसूची-२ बमोजिमको प्राथमिकताका आधारना प्रदान गरिनेछ ।

(९) विद्यालयमा लामो समयसम्म कार्यरत आन्तरिक स्रोतका शिक्षकहरुका लागि यस कार्यविधिका आधारमा हुने पहिलो विज्ञापनमा उम्मेदवार बन्न उमेरको हद लाग्ने छैन ।

(१०) प्रत्येक वर्षको एक(१) अकका दरले अन्तरवार्तामा अनुभव बापत बढीमा दश अंक उपबुँदा (६) बमोजमका प्रतिस्पर्धीलाई मात्र प्रदान गरिनेछ । अंक प्राप्त गर्नका लागि सम्बन्धित तहमा विद्यालयले प्रदान गरेको नियुक्तिको प्रमाणित प्रतिलिपि र सेवा निरन्तरताको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

(११) विषय विज्ञहरुको सूची शिक्षा शाखाले तयार गर्दा अनुसूची-३ बमोजिमको विधि र प्रक्रिया अपनाउनेछ ।

(१२) विज्ञहरुको सेवा लिँदा उपलब्ध भएसम्म प्रश्नपत्र निर्माणकर्ता, प्रश्नको अन्तिम रुप प्रदानकर्ता (Moderator) र उत्तरपुस्तिका परीक्षणकर्ता फरक फरक व्यक्ति हुनेछन ।

(१३) विषयवस्तुको प्रकृति अनुसार स्थानीय तहमा उपलब्ध हुन नसकेमा बाहिरका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाबाट विषय विज्ञको समेत सेवा लिन सकिनेछ ।

(१४) यसरी नियुक्त शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि तोकिए बमोजिमको पारिश्रमिक प्राप्त गर्नेछन्, त्यस्तो पारिश्रमीक विद्यालय व्यवस्थापन कोषबाट उपलब्ध गराईनेछ ।

(१५) विज्ञापन भएको मितिले सामान्यतया एक महिना भित्र छनौट प्रक्रिया सम्पन्न गरी विद्यालयमा नियुक्तिक लागि नगर शिक्षा समिति समक्ष सिफारिस गरिसक्नु पर्नेछ ।

(१६) सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारको नामावली संगसंगै योग्यताक्रमको प्रतिक्षा सूचीसमेत प्रकाशित हुनेछ र छनोट समितिले सम्वन्धित तह र विषयको अर्को विज्ञापन नगर्दासम्म सोही योग्यताक्रम भित्र रहेका उम्मेदवारले विद्यालयमा करार नियुक्तिको अवसर पाइनेछन।

(१७) सिफारिस गरेको मितिले ६ महिना भित्र करार शिक्षक पद कुनै कारणवश रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारले अवसर प्राप्त गर्नेछन् ।

(१८)सफल उम्मेदवार सिफारिस गर्दा प्राप्ताङ्कका आधारमा विद्यालय रोजाइको अवसर दिइनेछ ।

(१९) विज्ञापन अनुसार आवेदन माग गर्दा मा.वि. १०००।-, आ.वि.(६ देखि ८) ७००। र आ.वि.(१ देखि ५) ५००- आवेदन शुल्क लिइनेछ ।

(२०) सेवा प्रवेश गर्ने शिक्षकले अनुसूची-४ बमोजिमको ढाँचामा करार सम्झौता गरी अनुसूची -५ बमोजिमको ढाँचामा करार नियुक्ति पाउनेछन् ।

(२१) नयाँ नियुक्त शिक्षकहरुका लागि कम्तिमा पाँच दिनको पेशा प्रवेश (Job induction training) तालिम प्रदान गर्न सकिनेछ ।

(२२) नियुक्ति पत्र लिँदा सफल उम्मेदवारले नगर शिक्षा समितिका अध्यक्षको रोहवरमा शिक्षा शाखा प्रमुखबाट अनुसूची-६ बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ ।

**७. विद्यालयको प्रशासनिक (प्रधानाध्यापक) नेतृत्व :**

(१) प्रत्येक विद्यालयको प्रधानाध्यापकको रुपमा कार्य सम्पादन गर्न एक जना सम्बन्धित तहमा योग्यता पुगेको स्थायी शिक्षक हुनेछन् ।

(२) विद्यालयका लागि नेतृत्व गर्ने व्यक्ति चयन गर्दा वरिष्ठता, प्राज्ञिक तवरले योग्य, प्रविधिमैत्री, नेतृत्व कौशल र समावेशीसहितका आधारमा गरिनेछ ।

(३) विद्यालयमा स्थायी शिक्षक नभएको खण्डमा नगरपालिका भित्रका सामुदायिक विद्यालयबाट मिलान (स्थायी, अस्थायी, राहत, अनुदान प्राप्त शिक्षकका बीचमा) गरी स्थायी शिक्षक व्यवस्थापन गरिनेछ ।

(४) विद्यालयको प्रशासनिक कार्यका लागि नेतृत्व गर्ने उद्देश्यले विद्यालयमा काजमा शिक्षक खटाउँदा सामान्यतया वरिष्ठतालाई (Seniority) आधार बनाइनेछ ।

(५) नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले शिक्षकलाई विद्यालयमा निमित्त प्रधानाध्यापकका रुपमा काज खटाउन सक्नेछ ।

**८. विद्यालय गाभ्ने, कक्षा र तह व्यवस्थापन :**

(१) विद्यार्थीहरुले गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारहरुमा विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने सम्वन्धमा निर्णय लिइनेछ ।

**(क)** भौगोलिक दुरी

**(ख)** विद्यार्थी संख्या,

**(ग)** विद्यालय परिवारको कार्यसम्पादन, आवश्यकता र औचित्य ।

(२) उपनियम १ बमोजिमको कार्यमा सम्वन्धित सरोकारवाला( जनप्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी) सग आवश्यक अन्तरक्रिया गरिनेछ ।

(३) यसै शैक्षिक वर्षमा गाभ्नु पर्ने र अर्को शैक्षिक वर्षमा गाभ्नु पर्ने विद्यालयलाई प्राथमिकताका आधारमा सिफारिस गर्नुपर्नेछ ।

(४) आवश्यकता अनुसार कक्षा वृद्धि गर्नुपर्ने, तह वृद्धि गर्नुपर्ने, कक्षा घटाउनुपर्ने, विद्यालयहरुको अध्ययन विश्लेषण पश्चात एकिन गरी सिफारिस गरिनेछ ।

९. विविध:

(१) छनोट समिति र विशेषज्ञका रुपमा काम सम्पादन गर्ने व्यक्तिले गोपनियता कायम राख्नु पहिलो कानुनी कर्तव्य हुनेछ ।

(२) उपबुँदा(१) का व्यक्तिहरुले गोपनियता भंग हुने कार्य गरेको प्रमाणित भएमा स्पष्टिकरणका आधारमा निजले सम्पादन गरिरहेका जिम्मेवारीहरुबाट तत्काल हटाइनेछ ।

(३) निर्धारित विधि र प्रक्रिया पूरागरी सिफारिस गरेका शिक्षक र काज सरुवा गरेका जनशक्तिले तोकिएका स्थानमा जानुपर्नेछ अन्यथा जगेडामा राखिनेछ ।

(४) छनौट समिति र विषय विज्ञहरुले नियमानुसार सेवा सुविधा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम प्राप्त गर्नेछन् ।

(५) झुट्टा विवरण तयार गरी अनुदान शिक्षकका रुपमा करार नियुक्ति लिएको प्रमाणित भएमा उक्त नियुक्ति स्वत: बदर हुनेछ र त्यस्तो झुट्टा विवरण उपलब्ध गराउने व्यक्तिमाथि प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(६) निर्धारित समय अवधिमा नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकको करार नवीकरण नभएको खण्डमा नियुक्ति स्वत: बदर हुनेछ ।

(७) विद्यालयमा हाल आन्तरिक स्रोतमा(निजी)कार्यरत शिक्षकहरुको व्यवस्थापनका लागि निश्चित आधारहरु तयार गरी विद्यालय शिक्षक, कर्मचारी अनुदान उपलब्ध गराइनेछ ।

(८) विद्यालयको आन्तरिक स्रोतबाट तलब सुविधा खानेगरी शिक्षक कर्मचारी नियुक्त गर्दा समेत शिक्षा शाखाबाट अनिवार्यरुपमा स्वीकृति लिनुपर्नेछ । तत्पश्चात नियुक्त शिक्षकको सेवा, शर्त, सुविधा सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।

## अनुसूची १

**बुँदा (६) को उपबुँदा (१) संग सम्बन्धित छनोट तथा सिफारिस प्रक्रिया**

**१. पन्ध्र दिनको म्याद राखी नियमानुसार विज्ञापन हुनेछ,**

**२. परीक्षा** : लिखित, मौखिक र प्रयोगात्मक हुनेछ,

३. लिखित-१०० पूर्णाङ्क, मौखिक -२५ अंक र प्रयोगात्मक -२५ अंक,

४. लिखित परीक्षामा ४० प्रतिशत उत्तीर्णाङ्क हुनेछ,

५. लिखित परीक्षा : बस्तुगत ४० % र विषयगत ६०% हुनेछ ,

६. विषयवस्तु र प्रश्नपत्रको ढाँचा शिक्षक सेवा आयोगले निर्धारण गरे अनुसार,

७. मौखिक परीक्षाको २५ पूर्णाङ्कमा १० अंक अनुभव, ३ अंक योग्यता, विशेष प्राथमिकता बापत २ अंक (महिला भए १ र जनजाति वा दलित वा अपाङ्ग महिला भए थप १ अंक) अन्तर्वार्ता बापत १० अंक)

८. माध्यमिक तहका(११-१२) का लागि यसै अनुसूचीको न १देखि ७ सम्मको आधार लिइनेछ ।

शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि

## अनुसूची २

**बुँदा (६) को उपबुँदा (८) संग सम्बन्धित विषयगत प्राथमिकता**

(क) यो आर्थिक वर्षका लागि गाउँपालिकाबाट कक्षा (१-८) सम्म सञ्चालित सामुदायिक विद्यालयहरुलाई तपसिल बमोजिमको प्राथमिकताका आधारमा कम्तिमा तीन जना शैक्षिक जनशक्तिको सुनिश्चितता गरिनेछ ।

१. अनिवार्य अंग्रेजी ,

२. अनिवार्य विज्ञान /गणित ,

३. अनिवार्य नेपाली वा अनिवार्य सामाजिक ।

(ख) कक्षा (९-१०) का लागि तपसिल बमोजिमको प्राथमिकता क्रम अनुसार व्यवस्था गरिनेछ ।

१ अनिवार्य अंग्रेजी,

२. अनिवार्य गणित,

३. अनिवार्य विज्ञान,

४. अनिवार्य नेपाली,

५. सामाजिक समूहमध्ये कुनै एक (अनिवार्य सामाजिक, शिक्षा, स्वास्थ्य, जनसंख्या, अर्थशास्त्र, लेखा, ..........)

(ग) कक्षा (११-१२) का लागि विद्यालयको आवश्यकता अनुसार

# अनुसूची -३

बुँदा (६) का उपबुँदा(११)संग सम्बन्धित

**विषय विज्ञ छनोटका आधारहरु**

१. विषय विज्ञ छनोटका लागि शाखाले १५ दिनको सूचना प्रकाशित गर्नुपर्नेछ,

२. माध्यमिक तहका करार शिक्षक,कर्मचारी छनोटका लागि विषय विज्ञ हुन शिक्षा शास्त्रमा सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको योग्यता भएको,

३. आधारभूत तहका करार शिक्षक,कर्मचारी छनोटका लागि विषय विज्ञ हुन शिक्षा शास्त्रमा सम्बन्धित विषयमा स्नातक वा सो सरहको योग्यता भएका,

४. विषय विज्ञ हुनका लागि नेपाल सरकारबाट मासिक तलब सुविधा पाउने गरी नियुक्त भइ सम्बन्धित विषय र तहमा कम्तिमा पाँच वर्ष सेवा गरेको शिक्षक हुनुपर्नेछ,

५. शाखाले तयार गरेको सूचिकृत विज्ञको पदावधि दुई वर्षको हुनेछ ,

## अनुसूची ४

### बुँदा (६) को उपबुँदा (२०) संग सम्बन्धित करार सम्झौता-पत्रको नमूना

धवलागिरी गाउँकार्यपालिकाको कार्यालय, शिक्षा शाखा (यसपछि पहिलो पक्ष भनिएको) र ......................................जिल्ला............................ गाउँपालिका, वडा नं................बस्ने श्री .....................................( यसपछि दोस्रो पक्ष भनिएको) का बीच धवलागिरी गाउँपालिका श्री.......................................विद्यालयमा माध्यमिक/आधारभुत तहको...........................विषय शिक्षक पदमा शिक्षण गर्न मिति २०७..../............./........गतेको गाउँ शिक्षा समितिको निर्णय अनुसार देहायका कार्य शर्तका अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करारको सम्झौता गरी एक एक प्रति आपसमा बुझिलियौ, दियौ ।

१. **काम काजको सम्बन्धमा** : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय, स्थानमा उपस्थित भइ गर्नुपर्नेछ । आवश्यकता अनुसार थप काम पनि गर्नुपर्नेछ ।

२. **सेवा गर्नु पर्ने विद्यालय** : .........................................

३ **पारिश्रमिक** : शाखाबाट विद्यालयलाई निकासा दिने व्यवस्था अनुसार विद्यालयको खातामा प्रचलित तलब स्केलको ........%(अक्षरमा..........) र महंगी भत्ता प्रदान गरिनेछ र विद्यालय प्रशासनले सो सुविधा उपलब्ध गराउनेछ ।

४. **करार अवधि : २०७..../......../ देखि लागु भइ २०७..../........../............सम्म लागु हुनेछ ।**

५. **विदा तथा आचरण** : प्रचलित ऐन ,नियम, तथा कानुन अनुसार ।

६. **कार्य सम्पादान** : नगर शिक्षा ऐन २०७५ को परिच्छेद ९, दफा १२ को उपदफा २ (१) अनुसार ।

७. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य** : दोसो पक्षले पहिलो पक्षलाई लगातार ७ दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा, अनुपस्थिति रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोसो पक्षले शारीरिक रुपमा अस्वस्थ भइ वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्वन्धी कुराहरु बारम्बार उलंघन गरेमा दोस्रोपक्षसंगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

८. **दाबी नपुग्ने** : दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

९. **प्रचलित कानुन लागू हुने** : यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

| शाखाको तर्फबाट (प्रथम पक्ष) | साक्षि | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) |
|---|---|---|
| हस्ताक्षर | हस्ताक्षर | हस्ताक्षर |
| नाम.......................<br>पद...................... | नाम.................<br>पद...........<br>शाखा.............. | नाम..........................<br>पद.......................... |

ईति सम्बत २०.....।........।...... गते रोज ................ शुभम

**अनुसूची-५**

बुँदा (६) को उपबुँदा २०संग सम्बन्धित नियुक्ति-पत्रको ढाँचा

धवलागिरी गाउँपालिका

धवलागिरी गाउँ कार्यपालिकाको कार्यालय
मुना,म्याग्दी
प्रदेश नं. ४ , नेपाल

**(शिक्षा शाखा)**

च.न. मिति:
२०.....।.....।......
प.सं.

**विषय : करार नियुक्ति सम्बन्धमा**

श्री ........................................
................................................

तपाईलाई मिति २०७..........को निर्णय अनुसार माध्यमिक/आधारभूत तहको ..................विषयको करार शिक्षक पदका लागि यसैसाथ संलग्न करार सम्झौता बमोजिम मिति ..................देखि लागु हुने गरी २०७..............सम्म करार नियुक्ति गरिएको छ। तपाईले आफ्नो काम व्यवसायिक मूल्य र आचरण अनुरुप गर्दै गाउँ शिक्षा ऐन तथा विद्यालयको मातहतमा रही गर्नुहोला।

शिक्षक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ।

..............................
शिक्षा शाखा

प्रमुख

**बोधार्थ**

श्री आर्थिक प्रशासन शाखा
धवलागिरी गा.पा. (सम्झौता बमोजिमको रकम उपलब्ध गराउनका लागि।)

श्री ..................विद्यालय,
.................., हाजिरी गराई सोको जानकारी दिनु हुन।

श्री वडा कार्यालय,
वडा नं........,जानकारीका लागि ।

## अनुसूची-६

बुँदा (६) को उपबुँदा (२२)सँग सम्बन्धित सपथको व्यहोरा

**सपथ**

म ........................................विद्यार्थीलाई साक्षी राखी यो सपथ लिदैछु कि मैले आफूलाई तोकिएको जिम्मेवारी पेशागत, आचरण एवम् नैतिकता, विद्यार्थी सिकाई उपलब्धी अभिवद्धि, कक्षाकोठा व्यवस्थापन, बालमैत्री एवम् सिकाई मैत्री योजनाका साथ शिक्षण गर्दै नगर शिक्षा ऐन २०७५ तथा प्रचलित ऐन नियम र निर्देशनको अधिनमा रही पेशागत मर्यादा र गोपनियता कायम गरी आफूमा निहित जिम्मेवारीको दुरुपयोग नगरी उच्च मनोवल र नैतिकताका साथ कार्य सम्पादन गर्नेछु ।

**सपथ ग्रहण गर्नेको**

सही..........................

नाम,थर ..........................

पद..........................

मिति ..............................

कार्यालयको छाप :

**सपथ गराउनेको**

सही..........................

नाम,थर ......................

पद ...........................

मिति............

शिक्षक व्यवस्थापन सफ्टवेयर

आज्ञाले

गोविन्द सुनार

प्रमुख प्रशासकीय अधिकृत